## उच्च अदालत तुलसीपुर, नेपालगंञ्ज इजलास

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री विमल सुवेदी

<u>आदेश</u>

दायरी नं.०७६-WO-०१२३

मुद्दाः- **परमादेश** ।

अधिबक्ता श्री रामकुमार दिक्षित समेत.........................................................१ निवेदक

<u>विरुद्ध</u>

जिल्ला प्रशासन कार्यालय, बाँके समेत.........................................................१ विपक्षी

निवेदन व्यहोरा पेश भई निवेदकद्वय विजय कुमार शर्मा र रामकुमार दिक्षित तथा निवेदकहरुका तर्फवाट उपस्थित रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री भोलासिंह हमाल,अधिबक्ता श्री सुनिल कुमार श्रेष्ठ, अधिबक्ता श्री विश्वजीत तिवारी,अधिबक्ता श्री बिकास आचार्य, अधिबक्ता श्री केशवराज पन्त,अधिबक्ता श्री मधुर पाठक, अधिबक्ता श्री राजेन्द्र कुमार विश्वकर्मा र अधिबक्ता श्री पुर्ण प्रसाद ढकालले गर्नु भएको बहस समेत सुनियो ।

यसमा के-कसो भएको हो? निवेदकको निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने नपर्ने के हो ? आदेश जारी हुनु नपर्ने कुनै आदेश ,कारण र प्रमाण भए सो समेत साथै राखी बाटाका म्याद बाहेक १५(पन्ध्र) दिन भित्र विपक्षी नं.२,३,४,५,६,७,१६,१८,१९,२० र २१ का हकमा उच्च सरकारी वकिल कार्यालय नेपालगंज मार्फत,विपक्षी नं.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.५ र विपक्षी नं.१७ का हकमा मुख्य न्यायाधिबक्ताको कार्यालय प्रदेश नं.५ बुटवल मार्फत र विपक्षी नं.८,९,१०,११,१२,१३,१४ र १५ का हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनि प्रस्तुत आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछी नियमानुसार पेश गर्नु ।

अन्तरिम आदेश माग गरेको सम्बन्धमा निवेदकले नरैनापुर गाउपालिका अन्तर्गत रहेका १३ वटा क्वारेन्टाईनमा राखिएका व्यक्तिहरु र क्वारेन्टाईनमा खटिएका स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको सुरक्षा,स्वास्थ्य उपचार,खानेबस्नेको व्यवस्था तथा सरसफाईको व्यवस्था कोरना भाईरस सम्बन्धी क्वारेन्टाईन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ बमोजिम

हुनुपर्नेमा सो केही नभएको,शौचालय सरसफाई व्यवस्था नभएई र न्युनतम सुविधा समेत नभएको स्थानमा Social distancing समेतको पालना नगरिएको उक्त क्वारेन्टाईन यातना केन्द्रमा परिणत भएको कारण Covid-19 को महामारी झन बढ्न सक्ने भयाभयको स्थिति श्रृजना भएको विषय उठाई प्रस्तुत सार्वजनिक सरोकारको निवेदनमा कोरोना भाईरस सम्बन्धी क्वारेन्टाईन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ को पालना गरी क्वारेन्टाईन संचालन गर्न गराउन आदेश गरी पाँउ भनी अन्तरिम आदेशको माग गरेको देखियो।

विश्वभरी नै फैलिएर अक्रान्त पारिरहेको कोभिड १९ को महामारीले नेपाल पनि अछुतो नरहेको अवस्थामा नेपालको बाँके जिल्लामा अझ संक्रमितको संख्या अन्य क्षेत्रभन्दा बढी रहेको पाईन्छ।यस जिल्ला अन्तर्गतको नरैनापुर गाउपालिकामा अझ भयाभय रुपमा यो महामारी देखा परिरहेको बर्तमान अवस्थामा नेपाल सरकारका सम्बद्व निकायहरुको तत्काल गम्भिर ध्यानाकर्षण हुनुपर्ने र श्रृजित समस्या समाधान गर्न संघ,प्रदेश लगायत स्थानिय तहको अगुवाईमा चिकित्सा क्षेत्रको अग्रसरताका लागि सुरक्षा निकायहरुको परिचालन अपरिहार्य रहेको भन्नेमा कोही कसैबाट विमती राख्नुपर्ने अवस्था रहदैन।

नेपालको संविधानको धारा १६(१) ले प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाँच्न पाउने हक प्रदान गरेको छ।त्यसैगरी धारा ३५(३) ले प्रत्येक नागरिकलाई स्वास्थ्यको समान पहुँचको हक सुरक्षित गर्नुका साथै धारा १८(१) ले सबै नागरिक कानूनको दृष्टीमा समान भएकाले कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने संवैधानिक व्यवस्था समेत रहेको परिप्रेक्षमा निवेदकले उठाएको नरैनापुर गाउपालिकाको विभिन्न क्वारेन्टाईनमा रहेका प्रत्येक नागरिकले समेत सम्मानपुर्वक बाँच्न पाउने हकबाट बञ्चित हुनुपर्ने अवस्थाको श्रृजना राज्यका निकायको कमि कमजोरीका कारण हुनु हुँदैन।नागरिकका अन्य सबै हकहरु भन्दा जीवनको हक (Right to life) को स्थान सर्वोच्च र सर्वोत्तम हुने निर्विवाद छ भने नागरिकका यी हकको रक्षा गरी कार्यान्वयन गर्नु गराउनु पर्ने प्रथम दायित्व र कर्तव्य समग्र राज्य र राज्य संयन्त्रको नै रहेको हुन्छ।

निवेदकले प्रस्तुत रिट निवेदनमा उठाईएका विषयवस्तु सम्बन्धित निकायहरुबाट नरैनापुर गाउपालिकामा उपयुक्त र सही समयमा राज्यबाट तयार भएको मापदण्ड अनुसारको न्युनतम व्यवस्थापन हुन नसकेका कारण कोभिड १९ का शंकास्पद व्यक्ति र संक्रमित व्यक्तिहरुलाई व्यवस्थित तरिकाले नराखिएका कारण यो महामारीले भयावह अवस्थाको श्रृजना गर्न लागेको हुँदा त्यसतर्फ प्रत्यर्थी जिम्मेवार निकायहरुबाट कोरोना भाईरस (Covid-19) सम्बन्धी क्वारेन्टाईन संञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ ले तोकिएको न्युनतम मापदण्ड पुरा गर्न अन्तरिम आदेश समेत जारी गरि पाँउ भन्ने निवेदन जिकिर तर्फ विचार गर्दा मापदण्ड अनुसारको न्युनतम पुर्वाधार पूर्ववत रुपमा नै तयार गरी राख्नुपर्ने जिम्मेवारी सम्बन्धित

निकायको रहे भएको नै देखिन्छ। अब मापदण्ड अनुसारको न्युनतम बस्ने सुविधाका लागि आवश्यक स्थान, स्वस्थ खाना, पानी, विजुली, सरसफाई लगायतका स्वास्थ्यकर्मी र आवश्यक जनशक्तिको व्यवस्थापन गरि नागरिकको जीवन रक्षाका लागि कोभिड १९ सम्बन्धी क्वारेन्टाईन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ ले निर्दिष्ट गरेको न्युनतम पुर्वाधारको व्यवस्था तत्काल गरी क्वारेन्टाईन संचालन गर्नु गराउनु र व्यवस्थित रुपमा संचालनमा ल्याउनु भनी प्रत्यर्थीहरुका नाउमा उच्च अदालत नियमावली,२०७३ को नियम ४२(१)(क) बमोजिम प्रस्तुत अन्तरिम आदेश जारि गरिदिएको छ।

अन्तरिम आदेशको निरन्तरता सम्बन्धमा छलफल गर्न र प्रस्तुत विषय रिट निवेदकद्वयले निवेदनमा इंकित गरेको नरैनापुर गाउपालिकाका जनताको मात्र नभई समग्र जनताको सरोकारको विषयसंग सम्बन्धित रहेको हुँदा मिति २०७७।०२।१४ का दिन विवादित विषयका सम्बन्धमा के कस्तो व्यवस्थापन भएको छ? सो को विस्तृत विवरण र खाका सहित आफू वा आफ्नो आधिकारिक प्रतिनिधी सहित उपस्थित हुनु भनी विवादित विषय संग प्रत्यक्षतः सरोकार राख्ने प्रत्यर्थीहरु जिल्ला प्रशासन कार्यालय बाँके,ऐ.का प्रमुख जिल्ला अधिकारी, ऐ. मा कार्यालय रहेको क्वारेन्टाईन संचालन तथा व्यवस्थापन समिति,ऐ.मा कार्यालय रहेको क्वारेन्टाईन संचालन तथा व्यवस्थापनको लागि गठित अनुगमन तथा सुपरिवेक्षण समिति, ऐ.मा कार्यालय रहेको दैनिक कार्य संचालनको लागि गठित कार्य संचालन समुह,नरैनापुर गाउपालिकाको कार्यालय,ऐ.का अध्यक्ष,जिल्ला जन स्वास्थ्य कार्यालय बाँके,जिल्ला प्रहरी कार्यालय बाँके,जिल्ला समन्वय समिति बाँके र नेपालगंज उपमहानगरपालिका वडा नं.२० राँझामा रहेको नेपाली सेनाको कार्यालय ईमामनगर व्यारेकलाई जानकारी गराई नियमानुसार पेश गर्नू।

न्यायाधीश

इति सम्वत् २०७७ साल जेष्ठ महिना ०८ गते रोज ५ शुभम्-------------------------------।